NSI
Nick Simons Institute

ENHANCING RURAL HEALTHCARE

# स्वास्थ्यकर्मीको आवाज

VOLUME 1, ISSUE 2 / MARCH 2011 / LINKING HEALTHCARE WORKERS ACROSS RURAL NEPAL

## यस अंकमा...

पेज१-२ कथाहरू

- डाक्टरबाट पनि छुट हुनसक्छ
- मेरो कर्तव्य र जिम्मेवारी

पेज२ सि.एम.इ. कर्नर
पोलेको घाउमा केराको पातबाट उपचार

पेज३ सूचना
दृढतापूर्वक लागेमा समस्याको समाधान निस्कन्छ ।

पेज४ स्वास्थ्य प्रतियोगिता
एकछिन हाँसौं न



## डाक्टरबाट पनि छुट हुनसक्छ

सोने लाल यादव, सि.अ.हे.व., प्राथमिक स्वास्थ्य केन्द्र, सत्तरझोरा, सुनसरी

म सि. अहेव भएको नाताले प्रत्येक दिन विभिन्न किसिमका बिरामीहरुको उपचार गर्नुपर्दछ। यद्दपी उपकरण र सामानको अभाव भए तापनि गाउँलेहरुको विश्वास कायम राख्न मैले उनीहरुलाई सेवा दिनु पर्दछ।

बि.सं. २०६४ मा एकजना मर्न लागेको बिरामीको उपचार गर्दा मैले मेरो आत्मविश्वास बढेको र मैले आत्मसन्तुष्टि प्राप्त गरेको महशुस गरे । उसको नाम अनिल कुमार थियो । ऊ ४५ वर्षको र औद्योगिक क्षेत्रमा कार्यरत थिए ।

बिरामी अनिल कुमार छातीको संक्रमण भई बराबर जाडो भई ज्वरो आई रहेको कारणले उपचारार्थ फिजिसियनसँग सम्पर्क राखी, दिशा, पिशाब, रगत, एक्स-रे जाँच गराई एन्टीबायोटिकबाट उपचार गराई रहनु भएको थियो । १५ दिनको उपचार पश्चात् निजलाई ज्वरोले छोडेन । निज उपचारको लागि भारतको विहार को पूर्णियाँ पुगि डाक्टर बदलेर पुनः उपचार गराउनु भयो । पुनः १५ दिनको उपचार सम्पन्न गरेर पनि केही सुधार भएन । निजलाई कहिले UTI (पिशाबको संक्रमण) त कहिले Typhoid को उपचार गरिएको थियो ।

एक दिन मेरो छिमेकको साथीले अनिललाई एकपल्ट मसँग सम्पर्क राख्न सल्लाह दिनु भएछ। सोही साथीले ३/४ दिनको कोशिस पश्चात् सम्पूर्ण कागजात लिई म कहाँ सम्पर्क गराउन ल्याउनु भयो ।

बिरामीसँगको भेटमा मैले सोधे, "अनिलजी, तपाईलाई के समस्या छ ?"

वहाँले भन्नुभयो, "सर, म एक-डेढ महिना देखि बिरामी छु धेरै उपचार गराएर पनि सन्चो भएन, सरको नाम सुनेर उपचारको लागि आएको । मेरो ज्यान जोगाई दिनु होस् ।"

मैले सहानुभूतीपूर्वक भने, "नआत्तिनुस् म सक्दो सहयोग गर्नेछु। मलाई कागजहरु देखाउनुस् त, अनिलजी।" वहाँले क्लोरोभाईसीटीन, सिप्रोफ्लोक्सिन र अन्य औषधी खाईसक्नु भएको रहेछ। वहाँको सम्पूर्ण परिक्षणहरु गरेतापनि औंलोको परिक्षण गरेको थिएन ।

वहाँको परिक्षणमा तौल ४७ के.जी.; BP (रक्तचाप) ९०/७०, ज्वरो १००°F र जन्डीस समेत देखिसकेको थियो । त्यसपछि मैले भने, "अनिलजी, ठूला डाक्टरहरुबाट पनि कहिलेकाँही छुट हुन जान्छ । तपाईको जाँचमा एउटा छुटेको रहेछ । नआत्तिनुस, सस्तो र साधारण जाँच हो । तपाई यो जाँच गराएर मलाई देखाउनुस् र त्यसपछि उपचार हुन्छ । वहाँले भोलीपल्ट रगतको परिक्षण गराएर रिपोर्ट देखाउनु भयो । वहाँलाई औंलो लागेको पुष्टी भयो । सोही अनुसार मिलाई एक हप्ताको लागि cholroquin दिएर आराम गर्न सल्लाह दिए । सुधार भई निजबाट विभिन्न ठाउँमा मेरो प्रशंसा गर्नु भएछ । हाल वहाँको स्वास्थ्यको अवस्था राम्रो छ ।

मलाई खुशी थियो कि म अहेव भएर मैले यस बिरामीको उपचार गरे । ठूला डाक्टर साहेवहरु (फिजिसियन) बाट पनि सामान्य किसिमको जाँचमा भूल भई उपचार अधुरो हुँदोरहेछ भन्ने महशुस गरे । ल्याब रिपोर्टको आधारमा मात्र नभई बिरामीको लक्षण हेरी उपचार गरेमा राम्रो हुने रहेछ ।

TO: ______________________________

______________________________

______________________________



# मेरो कर्तव्य र जिम्मेवारी

सोनी सुवेदी, स्टाफ नर्स, जनकपुर अञ्चल अस्पताल

**यो घटना करिब १ वर्ष अगाडिको हो । मध्यान्हको समयमा केही गाँउलेहरुले एकजना बेहोस युवकलाई अस्पतालमा ल्याए । सोधपुछको क्रममा सो युवक २० वर्षका अनिल यादव भएको थाहा पाइयो । गाउँलेहरुका अनुसार उनलाई खेतमा बेहोस अवस्थामा भेटिएको थियो ।**

जाँचको क्रममा उसको शरीर जलेको थियो । जसको कारणले उ वेहोस भएको रहेछ । क्रमश: बुझ्दै जाँदा उसको परिवारको आर्थिक स्थिति कमजोर भएकोले उसको उपचार गर्न नसक्ने थाहा पाइयो । त्यसकारण मैले हाम्रो अस्पतालका मे.सुलाई सहायता गर्नको लागि अनुरोध गरे । फलस्वरुप उसलाई हाम्रो अस्पतालको रिजर्भ फन्ड बाट निशुल्क उपचार गराइने निर्णय गरियो ।

दुई घण्टा पछि विरामीलाई होस आयो । आगो पहिला परालमा लागेको, त्यसपछि लुगामा समातेको अनि उसको शरीर र लुगा बलेको कुरा थाहा पाइयो । उसको सबै लुगा जलेको कारणले लगाउने कपडा र खानेकुराको बन्दोबस्त गरिदिएँ । उ करिब एक महिनासम्म अस्पतालमा भर्ना भएर बस्यो । त्यस अवधिमा उसलाई भेट्न कोही पनि आएनन् । उसलाई हिँडडुल गर्न, उभिन र बस्न गाह्रो हुन्थ्यो । मैले उसलाई औषधि खुवाउने, ड्रेसिङ्ग गर्ने र प्रत्येक दिन नुहाउन मद्दत गरे । उसको लागि बढी मात्रामा प्रोटिन भएका खानाहरुको व्यवस्था गरे र एक महिना पछि उसको घाउहरु निको हुँदै गयो ।

अन्तमा उ पूर्ण रुपमा निको भयो र डिस्चार्ज गरियो । घर जानु अघि उ मलाई भेट्नु आयो र भन्यो, "सिस्टर, यो संसारमा कसैले कसैको वास्ता गर्दैनन्, तर कुनै हिचकिचाहट बिना तपाईले मलाई स्याहार गर्नु भयो । मैले त म मर्छु होला भनेर सोचेको थिएँ तर तपाईले गर्नु भएको स्याहारले गर्दा आज म यहाँ छु, तपाई प्रति म आभारी छु । मैले भने, "मलाई तिमीले धन्यवाद भनी राख्नु पर्दैन यो त मेरो कर्तव्य र जिम्मेवारी हो ।"

हालसालै फलोअप जाँच गराउन अस्पताल आएको बेला उसले मलाई भेट्यो र फेरि पनि म प्रति कृतज्ञता जाहेर गऱ्यो । मैले उसलाई उदास नहुनु र खुशी रहनको लागि सुझाव दिएँ ।

## CME CORNER

# पोलेको घाउमा केराको पातबाट उपचार

नेपालको दुर्गम क्षेत्रमा शरीरको जलन/पोलाई सामान्यतया देखिने समस्या हो । यसरी पोलेर हुने घाउलाई जति छिटो र राम्रोसँग उपचार गऱ्यो त्यति नै छिटो निको हुन्छ । जलेको भाग सधैं राम्रोसँग छोप्नु पर्दछ ताकि घाउ सुख्खा नहोस् र उत्पन्न भएको नयाँ टिस्यु क्षति हुनबाट जोगियोस् । अस्पतालहरुमा पोलेको घाउमा प्राय: vaseline अथवा अन्य बिशेष ड्रेसिङको प्रयोग गरिन्छ । यस्ता बिशेष किसिमको ड्रेसिङ ग्रामिण क्षेत्रमा उपलब्ध नहुन सक्छ । त्यसैले ग्रामिण भेगमा पनि त्यहाँ उपलब्ध श्रोत र साधनको प्रयोगबाट स्तरिय अस्पतालमा जस्तै उपचार गर्न सकिन्छ कि सकिंदैन भन्ने प्रश्न उठ्न सक्दछ । पक्कै पनि गर्न सकिन्छ, कसरी भन्ने प्रश्नको उत्तरमा, केराको पातको प्रयोग ।

केराको पातले दुई थरिको समस्या समाधान गर्छ । यसले जलेको ठाउँलाई सुख्खा हुनबाट जोगाउन र साथसाथै नयाँ टिस्युलाई बिग्रनबाट बचाई ड्रेसिङलाई सजिलोसँग निकाल्न मद्दत गर्दछ । यसको प्रयोग चरणवद्ध रुपमा यसरी गरिन्छ:

१. केराको पातलाई जलेको भाग अनुसारको आकारमा काट्नुहोस् ।
२. सो केराको पातलाई सफा पानीले पखाल्नुहोस् ।
३. सो पातलाई ५ देखि १० मिनेट सम्म पानीमा उमाल्नुहोस् ।
४. त्यसपछि सेलाउन दिनुहोस् ।
५. जलेको ठाउँलाई पनि सफा पानीले सफा गर्नुहोस् ।
६. सिल्भर सल्फाडाएजिन (Silver Sulfadiazine) क्रिम अथवा अन्य जलेको ठाउँमा प्रयोग हुने औषधी लगाउनुहोस् ।
७. घाउलाई केराको पातले छोपिदिनुहोस् ।
८. त्यसपछि गज (gauze) माथिबाट लगाएर ब्यान्डेज र टेप लगाउनुहोस् ।
९. यस्तो किसिमको ड्रेसिङ हरेक दिन वा हरेक दुई दिनमा फेरिदिनुहोस् ।



केराको पातले ड्रेसिङ गर्नु अघि



केराको पातले ड्रेसिङ गरे पछि

**नोट:** चिसो ठाउँमा जहाँ केराको पात उपलब्ध हुँदैन, त्यहाँ आलुको बोक्रा छिल्का पनि प्रयोग गर्ने गरिन्छ । तर यी धेरै मसिना भएकाले यसले जलेको ठाउँ राम्रोसँग छोप्न मिल्दैन ।

## Correction of First Issue

Managing Severe Pre-Eclampsia and Eclampsia with Magnesium Sulfate

LOADING DOSE: (For use in Health Posts PRIOR to referring to a hospital)

For IV Loading Dose: [$MgSO_4$ as a 20% solution]
1. Take one 20 ml syringe
2. Draw up 4 ampules of $MgSO_4$ **(a total of 8 ml in syringe)**
3. Draw up 12 ml of water for injection. (Total of 20 ml in the syringe)
4. Give IV over 5 minutes

For IM Loading Dose: [$MgSO_4$ as a 50% solution]
1. Take two 10 ml syringes
2. Draw up 5 ampules of $MgSO_4$ in each syringe (a total of 10 ml in both syringes)
3. Add 1 ml of 2% Lignocaine in each syringe **(total of 11 ml in each syringe)**
4. Give both injections deep IM in alternate buttocks

*Note: if further fits occur, give further* **2 gm (4ml)** *of $MgSO_4$ 50%* **IV over 5 minutes**

MAINTENANCE DOSE: (For use after admission to in-patient care)
1. Take one 10 ml syringe
2. Draw up 5 ampules of $MgSO_4$ **(a total of 10 ml in syringe)**
3. Add 1 ml of 2% Lignocaine (a total of 6 ml in syringe)
4. Give IM every 4 hrs. in alternate buttocks
5. Continue treatment for 24 hrs. after delivery or last convulsion, whichever is last.



# सूचना
# दक्ष प्रशुतीकर्मी अनुगमन तथा सुधारात्मक कार्यक्रम (SBA - FEP)

### सबै तालिमहरूसंग जोडिएको अत्यावश्यक कुरा:

नेपालमा दक्ष प्रशुतीकर्मी सम्बन्धी SBA तालिमको शुरुवात सन् २००८ मा मातृत्व तथा नवशिशु सेवा तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको विकासको लागि भएको थियो । नेपाल सरकारले सन् २०१५ भित्रसम्ममा सो तालिम प्राप्त गर्ने स्वास्थ्यकर्मीको संख्या ५००० पुऱ्याउने लक्ष्य लिएको छ । हालसम्म १६ वटा तालिम केन्द्र बाट लगभग २२०० स्वास्थ्यकर्मीहरुले उक्त तालिम लिइसकेको छ । नेपालको यो SBA तालीममा ज्ञानको अद्यावधिक र क्लिनिकल सीप समावेश गरेको छ ।

यद्यपि, सो तालिमको मापदण्ड अनुसार काम गर्न केही बाधाका कारणहरु छन् जस्तै: अपर्याप्त भौतिक पूर्वाधार, प्रेरणाको कमी, काम गराईमा पृष्टपोषणको कमी, इत्यादि । यस्ता विषयहरुलाई सम्बोधन गर्नको लागि, Nick Simons Institute ले राष्ट्रिय तालिम केन्द्र (NHTC) संग आवद्ध भई SBA को परिक्षण अनुगमन तथा सुधारात्मक कार्यक्रमको शुरुवात गरेको छ । यो FEP मूल्यांकन मात्र नभई, कोचहरु SBA तालिमका प्रशिक्षकहरुद्वारा संचालन गरिन्छ । उहाँहरुले मुल्यांकन तथा रेकर्ड गर्नुको साथै प्रत्यक्ष सिपहरु पनि सिकाउनु हुन्छ ।

यस SBA-FEP को मुख्य उद्देश्य भनेको तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरुले आफ्नो कार्यक्षेत्रमा क्षमता र निपुणता कायम राख्न सक्नु भन्ने हो । यो FEP ले तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरु, तिनको सुपरभाइजर, जिल्ला अस्पताल र नेपाल सरकारका सम्वन्धित व्यक्तिहरुलाई नयाँ ढंगले SBA को गुणात्मक सुधार र सो लाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न पृष्टपोषण गर्ने पद्धतिको पनि काम गर्दछ ।

शायद नेपाल सरकारको सबै तालिमहरुमा अनुगमन / सुधारात्मक कार्यक्रमलाई पनि समावेश गर्नुपर्दछ ।



On site skill assessment

**पाइलट SBA-FEP: छानिएको जिल्ला र उपलब्ध श्रो**

| क्षेत्र | जिल्ला | No. of SBA | अस्पताल | PHCs | HPs |
|---|---|---|---|---|---|
| हिमाली | दोलखा | १५ | २ | २ | ७ |
| पहाडि | धादिङ्ग | १७ | १ | २ | ८ |
| तराई | कैलाली | २६ | २ | ५ | ३ |
| तराई | झापा | २५ | १ | ६ | ३ |
| पहाडि | इलाम | १८ | १ | ३ | ६ |
| | **जम्मा** | **१०१** | **७** | **१८** | **२७** |

# दृढतापूर्वक लागेमा समस्याको समाधान निस्कन्छ ।

जयनन्द जैसी, जनस्वास्थ्य निरीक्षक,
सुगरखाल स्वास्थ्य चौकी, कैलाली

वर्षौ देखि मैले स्वास्थ्य चौकीमा कर्मचारीहरु चाहिने र तिनको काम कर्तव्यहरुको बारेमा आवाज उठाईरहेको छु । विगत १५ वर्ष देखि व्यवस्थापन समिति, गा.वि.स. पदाधिकारी र जनमानसमा दोहोऱ्याइरहेको छु । हामीलाई दक्ष जनशक्तिको साथै भौत्तिक पूर्वाधार पनि आवश्यक छ भनेर बारम्बार भनी रहेको छु ।

मैले मेरो मेहनतको फल हालसालै प्राप्त गरे । समितिका सदस्यहरु, गा.वि.स र जन समूदाय सहयोग गर्न तयार भए । सबैजना मिलेर स्थानिय स्तरमा जनशक्ति राख्ने र त्यसको लागि आर्थिक सहयोग उपलब्ध गराउने भए । २ जना हे.अ., १ जना अ.न.मी., १ जना ल्याब असिस्टेन्ट र १ जना महिला कार्यालय सहयोगी निजी श्रोतबाट भर्ना गरियो । साथै ती भर्ना गरिएका कर्मचारीहरुलाई तालिम प्रदान गरियो ।

यसै गरी भौत्तिक पूर्वाधारको लागि भवन तथा फर्निचरको निर्माण, खानेपानी तथा कम्पाउन्ड पर्खालको व्यवस्था पनि गरियो ।

हाल प्रत्येक वर्ष गा.वि.स. बाट रु. १००,०००/- (एक लाख) र हेल्थ पोष्टबाट रु.५०,०००/- गरी जम्मा रु. १५०,०००/- लागेको छ ।

मैले गा.वि.स.का सबै सदस्यहरुलाई दक्ष जनशक्ति भएकाहरु घरैमा बसेर समय खेर फाल्नु भन्दा स्वास्थ्य संस्थामा काम गर्न पठाई दिनु हुन अनुरोध गरे । यसको लागि दिउँसोको खाजा उपलब्ध गराउँदछौं ।

उहाँहरुले मेरो अनुरोधलाई मानेर सित्तैमा काम गर्न मञ्जुर हुनु भयो । तसर्थ हामीले नि:शुल्क रुपमा ल्यावको सेवालाई शुरु गऱ्यौं । अहिले पनि स्वास्थ्य चौकीमा विभिन्न किसिमका परिक्षणहरु जस्तै: औंलोको रगत जाँच, क्षयरोगको खकार, रगत परीक्षण, ERR, हामोग्लोबिनको मात्राको जाँच, दिसा पिसावको जाँच, VDRL र HIV को जाँच नि:शुल्क रुपमा गरिरहेको छ ।

### समस्या नं. २

तपाईंले आफ्नो स्वास्थ्य संस्थाको सही व्यवस्थापनका लागि स्थानीय स्रोत साधनलाई कसरी परिचालन गर्नुहुन्छ ?

तपाईंको सुझावहरु अन्तिम पृष्ठमा दिइएको ठेगानामा पठाउनुहोला ।

# स्वास्थ्य प्रतियोगिता

**सही उत्तर छानेर पठाउनुहोस् ।**

**१. एकजना २३ वर्षिया गर्भवती महिला बढी रक्तचाप र पिशावमा प्रोटिन देखापरेको समस्या लिएर गर्भवती जाँच क्लीनिकमा आइन् । वहाँको Diagnosis:**

क) प्रि एक्लाम्पसिया (pre-eclampsia)
ख) क्रोनिक हाइपरटेन्सन (chronic hypertension)
ग) पायलोनेफ्राइटिस (pyelonephritis)
घ) पिशावको संक्रमण

**२. अत्याधिक प्रि एक्लाम्पसिया र एक्लाम्पसिया भई कम्प (convulsion) आउनुबाट बचावट र उपचारको लागि प्रयोग हुने मुख्य औषधि :**

क) डायजापाम (Diazapam)
ख) हाइड्रालाजिन (Hydralizine)
ग) म्याग्नेसियम सल्फेट (MgSo4)
घ) लेबेटोलल (Labetolal)

**३. तीन दिन अघि घरमा सुत्केरी भएकी ३० वर्षीया श्रीमती मनमाया स्तन टन्टन् दुख्ने समस्या लिएर हेल्थपोष्टमा आइन् वहाँको समस्या खासगरी :**

क) स्तन पाकेको
ख) मासटाइटिस (Mastitis)
ग) स्तन गानिएको
घ) माथिका सबै

---

## भाग १ को परिणाम

बिजेताहरू:

**१.सुरेन्द्र चौहान, अहेब, बाँझकटेरी, उपस्वास्थ्य चौकी, गुल्मी**
**२.इन्द्र देव पौडेल, रुरु प्राथमिक स्वास्थ्य केन्द्र, गुल्मी**

उत्तरहरू: **१. घ, २. घ, ३. घ**



# एकछिन हाँसौं न

बिरामीः- डाक्टरसाप, जब म निन्द्रामा हुन्छु, सपनामा बाँदरहरु फुटबल खेल्छन् ।

डाक्टरः- आत्तिनु पर्दैन, यो औषधि सुत्नु अघि खानु ।

बिरामीः- भोली देखि खानुपर्ला, आज त झन फाइनल छ !!

## समस्याको समाधान # १ का

# बिजेता

**श्री जयनन्द जैसी, जनस्वास्थ्य निरीक्षक, सुगरखाल स्वास्थ्य चौकी, कैलाली**

(पृष्ठ ३ मा हेर्नुहोला)

## कृपया यहाँहरुको सुझाव, प्रतिक्रिया तथा समस्याहरु तल लखिएको ठेगानामा पठाउनुहोला ।

इमेल: newsletter@nsi.edu.np
फ्याक्स: ०१-५०१३५६६
निक साइमन्स इन्ष्टिच्यूट
पो.ब.नं. ८९७५ ई पि सी १८१३
सानेपा, ललितपूर
फोन: ०१-५०१३५०२
www.nsi.edu.np

स्वास्थ्य प्रतियोगितामा भाग लिएका पहिलो पाँच सही उत्तर पठाउनेहरूले सातवटा NEPAL CME Module (CD) मध्ये कुनै एउटा प्राप्त गर्नुहुनेछ तथा पृष्ठ नं. ३ मा उल्लेखित समस्याको उत्कृष्ट समाधान पठाउने पहिलो पाँच जनालाई रु. १,०००/- का दरले सम्मानित गरिनेछ ।